# सर्वोच्च अदालतबाट जारी

## प्रेश विज्ञप्ति

आज २०७३ साल पौष २२ गते शुक्रबारको नागरिक दैनिकको पहिलो पृष्ठमा प्रकाशित **"प्रधानन्यायाधीशको ग्रिन सिंगनल"** भन्ने समाचार शीर्षकप्रति यस अदालतको गम्भीर ध्यानाकर्षण भएको छ। सो समाचार सामाग्रीमा उल्लेख भएबमोजिम सम्माननीय प्रधान न्यायाधीशज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूलाई संविधान संशोधनको विषयमा कुनै प्रकारको राय-सल्लाह दिने काम नभएको एवम् राय सल्लाह दिने नगरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ।

यस प्रकारको असत्य एवं भ्रामक समाचार सम्प्रेषणबाट न्यायपालिका अनावश्यक रूपमा विवादमा तानिनुका अतिरिक्त स्वतन्त्र न्यायपालिकाको मर्ममाथि प्रहार हुने तथा न्यायपालिकाप्रति सर्वसाधारणमा भ्रम सिर्जना हुन गई यस प्रतिको जनआस्थामा समेत आँच आउने देखिन्छ। यस तथ्यप्रति सचेत रहन र यथार्थ एवम् वास्तविकता विपरितका समाचार सामाग्री प्रकाशन/प्रसारण नगर्न नगराउन र हालै सम्प्रेषित समाचारको भ्रममा नपर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराईएको छ।

मितिः- २०७३।०९।२२

विश्वराज पौडेल
सह प्रवक्ता